**<u>छलफल तथा निर्णयहरु</u>**

१. नेपालमा आगामी पाँच वर्षका लागि संयुक्त राष्ट्रसंघ मार्फत् हुने विकास सहायता सम्बन्धमा विकास रणनीतिलाई निर्देशित गर्ने संरचना सम्बन्धी नेपाल सरकार र संयुक्त राष्ट्र संघबीच गरिने "संयुक्त राष्ट्र सङ्घीय विकास सहयोग रुपरेखा २०१८-२०२२" का विषयवस्तुहरु उपर विस्तृत छलफल गरियो । उक्त दस्तावेजमा राष्ट्रिय योजना आयोगको तर्फबाट आयोगका माननीय उपाध्यक्ष डा. स्वर्णीम वाग्लेले हस्ताक्षर गर्ने गरी स्वीकृति प्रदान गरियो।

२. राष्ट्रिय योजना आयोगको सुधार सम्बन्धी विषयहरु तथा दीर्घकालिन सोच एवम् दीगो विकासको लक्ष्य सम्बन्धी आधारभूत प्रतिवेदन मस्यौदा लगायतका विषयहरुमा अन्तर्क्रियात्मक छलफल गर्न आयोगका पदाधिकारीहरु, सचिवालयका महाशाखा प्रमुखहरु, शाखा प्रमुखहरु एवं विज्ञहरु सहितको मिति २०७४।०५।१९ र २० गते दुई दिने आवाशीय कार्यशाला आयोजना गर्ने।